# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख १० गते २०१४ साल

### अर्थमन्त्रालयको सूचना

### हवाई भन्सारहरूको नयाँ व्यवस्थाबारे रूल नियमहरू

सरकारका निर्णयबमोजिम अबउप्रान्त हवाई भन्सारको कार्य-प्रणाली सरोकारवाला सबैले तल लेखिएबमोजिम गर्न गराउन यो सूचना प्रकाश गरिएको छ।

[१] सिमरा विराटनगर र पोखरामा एरोड्रूम अफिसरहरूले यसअघि भन्सार-सम्बन्धी काम गर्दै आएका हुन् तापनि अबउप्रान्त उक्त ३ ठाउँका एरोड्रूम अफिसरहरूले सो काम नगर्नू।

[२] पोखराबाहेक जिल्लाका अरू तीन हवाई अड्डाहरू (सिमरा, विराटनगर, र भैरहवा) त्यस इलाकाका मूल भन्सारका क्षेत्र अन्तरगत हुनेछन्। पोखरा भन्सार खारिज गरिएको छ।

[३] आन्तरिक उडान, जस्तो-काठमाडौंबाट सिमरा, विराटनगर, भैरहवा र पोखरामा र उक्त ठाउँहरूबाट काठमाडौंमा आएका यात्रुहरूको स८-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामान गौचर भन्सारले नै जाँचनेछ। महसूल या कुनै दस्तुर तिरेको भए रसीद दिइनेछ। महसूल तिरेको नभए पनि साही बेहोरा जनाई रसीद दिनू। सर्भिस प्लेन चलेका दिनमा यात्रुहरूका साथमा रहेको गुण्टा भिटा भारी जाँच्ने काम अवदाउ गौचरबाहेक सिमरा, विराट-नगर, पोखरा हवाई ग्राउण्डमा हुनेछैन।

(४) भैरहवाबाट पोखरा जाँदा या पोखराबाट भैरहवा आउँदा यात्रुहरूको गुण्टा भिटा भारीको चेक जाँच भैरहवाले नै गर्नेछ। यसरी चेक जाँच भएको मालमा निस्सा लगाउन गर्नू।

(५) महाजनी माल र यात्रुको साथमा नआएको गुण्टा भिटा भारीको हकमा गौचर भन्सारले भैरहेको रूल नियमबमोजिम काठमाडौं गोरखा-दा भन्सारमा भैरहवा हवाई भन्सारले भैरहवा भन्सारमा पठाउने गर्नू।

[६] [क] बाहिरबाट सोझै चार्टर इत्यादि यातायात विभागका डाइरेक्टर-का विशेष आदेशले गौचर बाहेक अन्य हवाई ग्राउन्डमा उत्रेमा एरोड्रम अफिसरले अघावै समयमा स्थानीय मूल भन्सारलाई सूचना दिनेगर्नू र मूल भन्सारका प्रतिनिधि आई महाजनी माल हवाई जहाजबाट आएको, साथमा नआएको गुन्टा भिटी भारी-जतिमा शिल लगाई मूल भन्सारमा पठाउन गर्नु, र यस्ता माल सामानमा पनि मूल भन्सारले महसूल असूल गर्नै गर्नू।

[ख] स्थानीय हवाई ग्राउन्डबाट चार्टरद्वारा हवाई जहाजमा पठाएको माल सामान वा साथमा नआएको गुन्टा भिटो भारी निकासी हुँदा पनि मूल भन्सारले जाँची महसूल लाग्नेमा महसूल ली शिल लगाउने गर्नू। यस किसिमबाट आएका मालको शिल हेरी एरोड्रम अफिसरले र मूल भन्सारको प्रतिनिधिले माल प्लेनबाट जान दिने गर्नू।

[७] आन्तरिक उडानमा अरू हवाईअड्डामा र गौचर हवाईग्राउन्ड भै जानेमा महाजनी मालहरू र साथमा नआएको गुन्टा भिटी भारीहरू गौचर भन्सारले नै जाँची पास गर्नै गर्नू, का. गो. भन्सार पठाइरहनु-पर्दैन।

आज्ञाले-
मीरराज,
सेक्रेटरी—अर्थमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
90

# अर्थमन्त्रालयको सूचना

मोहरू लगत भएका पहाड र भित्री मधेशका जिल्लाहरूमा रैती दुनियाँले बुझाउनुपर्ने तिरो महसूल टेक दस्तुर गैरह रकम बुझ्दा लगतबमोजिम मोहरू बुझाउन ल्याए मोहरू नै बुझ्ने र मोहरू बुझाउन नसक्ने रैती दुनियाँले कं. रू. बुझाउन ल्याएमा सदरले कं. रू असूल गर्नु भन्ने ०१० साल श्रावण १६ गतेका सरकारको निर्णयबमोजिम इस्तिहार भइरहेकोमा २०१२ चैत्रसम्म मालपोतको लगत भा. रु. भएको ठाउँहरूमा भा. रू १०० को मोहरू १२८। को दरले हिसाब गरी मोहरू नै लगत राख्नु राखन लगाउनू। मालपोतको लगत मोहरूमा कायम भएपछि रैती दुनियाँले मोहरूमा बुझाए मोहरूम बुझिलिनू, मोहरू नबुझाई भा. रू. मा बुझाए पनि बुझिलिनू। मोहरू वा भा. रू. दुवै मिलाई बुझाए पनि बुझिलिनू। सो गर्दा मोहरू भा. रू. को सट्टा हिसाब गर्दा मोहरू १२८। एकसय अट्ठाइसको भा. रू. १०० एकसयको दर कायम गरी गर्नु गराउनु भन्ने ०१३।१।४ मा गजेट प्रकाश भइरहेकाले अबउप्रान्तलाई २०१२ साल अघिदेखि मालपोत मोहरू लगत भएका जिल्लाहरूलाई पनि मालपोतको लगत भा. रू. भएका ठाउँहरूमा जस्तै ०१३ साल वैशाख ४ गतेको भाग ४ खण्ड ६ संख्या १ मा प्रकाश भइरहेको गजेटअनुसार मालपोत दण्ड जरिवाना महसूल इत्यादि बुझी लिंदा भा. रू. १०० एकसयको मोहरू १२८। एकसय अट्ठाइसको दर कायम गरी बुझी लिने गर्नू भनी ०१३।१२।२० मा निर्णय भएको हुँदा सो निर्णयबमोजिम गर्न, गर्न लगाउन यो सूचना प्रकाश गरिदिएको छ।

आज्ञाले —
नीरराज,
सेक्रेटरी—अर्थमन्त्रालय.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

92

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।